वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com
# भञ्ज्याङ
BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक
वर्ष ४५ अंक ६४ २०८३ असार १२ गते शुक्रबार, नेपाल सम्वत् ११४६ June 26, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-




# भिमाद नगरपालिकाको नीति तथा कार्यक्रम : कृषि, शिक्षा, स्वास्थ्य र पूर्वाधार समृद्धिको आधार

भञ्ज्याङ समाचारदाता/भिमाद

नेपालको संविधानले स्थानीय सरकारलाई विकासको प्रमुख आधारस्तम्भका रूपमा स्थापित गरेको छ। नागरिकका दैनिक आवश्यकता, स्थानीय स्रोत–साधनको परिचालन, सेवा प्रवाह र विकास निर्माणका अधिकांश जिम्मेवारी स्थानीय तहले नै वहन गर्नुपर्ने व्यवस्था छ। यही सन्दर्भमा स्थानीय तहले सार्वजनिक गर्ने वार्षिक नीति तथा कार्यक्रमले आगामी वर्षको विकासको दिशा, प्राथमिकता र सोचलाई प्रतिबिम्बित गर्दछ।

भिमाद नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि प्रस्तुत गरेको नीति तथा कार्यक्रमले "समृद्ध भिमादको आधारः आर्थिक, सामाजिक विकास र दिगो पूर्वाधार" भन्ने मूल सोचलाई आत्मसात् गरेको छ । नगर प्रमुख दधिराज सुवेदीले नगरसभाको २२औं अधिवेशनमा प्रस्तुत नीति तथा कार्यक्रमले कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी, पर्यटन, सुशासन, सामाजिक विकास तथा रोजगार सिर्जनालाई विकासका प्रमुख आधारका रूपमा अघि सारेको छ ।

नीति तथा कार्यक्रममा नगरपालिकाले विकासलाई केवल भौतिक पूर्वाधार निर्माणमा सीमित नराखी आर्थिक उत्पादन, मानव विकास र सामाजिक समावेशीकरणसँग जोड्ने प्रयास गरेको छ। प्राथमिकताका क्षेत्रहरूमा दिगो तथा गुणस्तरीय पूर्वाधार, स्वास्थ्य सेवा, कृषि आधुनिकीकरण, खानेपानी, पर्यटन, वातावरण संरक्षण, वित्तीय सुशासन र रोजगारीलाई स्पष्ट रूपमा समेट्न खोजिएको नगरप्रमुख सुवेदीले जानकारी गराए ।

**कृषिः आर्थिक समृद्धिको मेरूदण्ड**

भिमादको अर्थतन्त्रको आधार कृषि नै हो । नगरपालिकाले पनि यस यथार्थलाई आत्मसात् गर्दै कृषि क्षेत्रलाई सबैभन्दा बढी प्राथमिकता दिएको देखिन्छ । कृषि आधुनिकीकरण, यान्त्रीकरण, व्यवसायीकरण र बजारीकरणलाई जोड दिंदै स्थानीय उत्पादनलाई बजारसँग जोड्ने रणनीति लिइएको छ । "स्थानीय उत्पादन हाट बजारमा सम्मान" अभियान सञ्चालन गरी कृषकले उत्पादन गरेको वस्तुलाई स्थानीय बजारमै खपत गराउने योजना अघि सारिएको छ ।




नीति तथा कार्यक्रममा सुन्तला, एभोकाडो, ड्रागन फ्रुट, कागती, कफी, अदुवा, बेसार, अकबरे खुर्सानी तथा लसुनजस्ता उच्च मूल्यका बालीको पकेट क्षेत्र विकास गर्ने उल्लेख छ ।

यसले नगरपालिकाले परम्परागत खेतीबाट व्यावसायिक तथा नगदे बालीतर्फ कृषकलाई आकर्षित गर्न खोजेको संकेत गर्छ। पछिल्लो समय गाउँमा श्रमशक्ति अभाव, उत्पादन लागत वृद्धि र बजारको अनिश्चितताका कारण कृषक निरूत्साहित भइरहेका बेला यस्तो नीति सकारात्मक देखिन्छ।

कृषिमा माटो परीक्षण, उन्नत बीउ, कृषि उपकरण, हाते ट्याक्टर पुनःप्रयोग, मौरीपालन, रैथाने बाली संरक्षण तथा जैविक खेती प्रवर्द्धनका कार्यक्रमले उत्पादन वृद्धि मात्र होइन, गुणस्तरीय उत्पादनलाई पनि जोड दिएको देखिन्छ।

**पशुपालन : आत्मनिर्भरताको अभियान**

नगरपालिकाले पशुपालनलाई कृषिको सहायक क्षेत्र नभई आयआर्जनको प्रमुख आधारका रूपमा हेरेको छ । दूध, मासु र अण्डामा आत्मनिर्भर बन्ने लक्ष्यसहित उन्नत जातका पशुपालन, कृत्रिम गर्भाधान, नमुना फार्म, भैंसी प्रवर्द्धन तथा डेरी उद्योगलाई निरन्तरता दिने कार्यक्रम राखिएको छ ।

विशेषगरी डेरीसहितको साइलेज उद्योगलाई निरन्तरता दिने नीति महत्वपूर्ण छ । यसले पशुपालनलाई बजारसँग जोड्ने र कृषकको आय स्थिर बनाउन सहयोग पुग्न सक्छ । पशु बीमा, बाँझोपन निवारण शिविर तथा रेबिज नियन्त्रण कार्यक्रमले पशु स्वास्थ्यलाई पनि प्राथमिकतामा राखेको देखिन्छ ।

**शिक्षाः गुणस्तरीय र प्रविधिमैत्री शिक्षाको लक्ष्य**

कुनै पनि समाजको दीर्घकालीन विकास शिक्षा बिना सम्भव हुँदैन । भिमाद नगरपालिकाले शिक्षा क्षेत्रलाई अत्यन्त महत्वका साथ अगाडि बढाएको देखिन्छ। नीति तथा कार्यक्रममा समावेशी, गुणस्तरीय, प्रविधिमैत्री र जीवनोपयोगी शिक्षाको सुनिश्चिततामा जोड दिइएको छ । विपन्न, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका तथा पिछडिएका समुदायका बालबालिकालाई छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

सामुदायिक विद्यालयलाई बालमैत्री विद्यालयका रूपमा विकास गर्ने, स्मार्ट कक्षा सञ्चालन गर्ने, डिजिटल सिकाइ सामग्री उपलब्ध गराउने तथा सूचना प्रविधिमा आधारित शिक्षण प्रणाली विकास गर्ने योजना निकै महत्वाकांक्षी देखिन्छ ।

स्थानीय पाठ्यक्रमलाई पनि नगरपालिकाले विशेष महत्व दिएको छ । "मेरो भिमाद" स्थानीय पाठ्यक्रमका लागि पाठ्यपुस्तक निर्माण गर्ने कार्यक्रमले स्थानीय इतिहास, संस्कृति, कृषि, पर्यटन तथा पहिचानलाई विद्यालय शिक्षासँग जोड्ने प्रयास गरेको छ ।

विद्यालयको गुणस्तर सुधारका लागि

बाँकी अन्तिम पेजमा

# गण्डकीमा दशकदेखि पूरा हुन नसकेको बिजुली र खानेपानीको लक्ष्य

राम थापा/गण्डकी

गण्डकी प्रदेश सरकारको आगामी आव २०८३/०८४ को बजेटमा एक वर्षभित्रमा प्रदेशका सबै घरधुरीमा विद्युतको पहुँच विस्तार गरी 'उज्यालो गण्डकी प्रदेश' घोषणा गर्ने उद्घोष गरेको छ । प्रदेश सरकारको यो घोषणा नयाँ भने होइन। प्रदेश स्थापनापछि विसं २०७४ मा गठित प्रदेश सरकारको पहिलो मन्त्रिपरिषद् बैठकले दुई वर्षभित्रमा प्रदेशका सबै घरधुरीमा खानेपानी र बिजुली पुऱ्याउने निर्णय गरेको थियो।

त्यसयता हरेक वर्ष नीति, कार्यक्रम तथा बजेटमा उक्त घोषणा दोहोरिने गरे पनि प्रदेश सरकारको लक्ष्य अझै पूरा हुन सकेको छैन । यसबीचमा प्रदेशसभाको पहिलो कार्यकाल बित्यो। पटकपटक सरकार फेरिए। तर, प्रदेश सरकारका प्राथमिकता प्राप्त योजना भने अझै अधुरा छन्। सरकारले आफ्नै निर्णय र प्रतिबद्धता कार्यान्वयन गर्न सकेको छैन । झण्डै एकदशक बित्न लाग्दासमेत 'उज्यालो गण्डकी प्रदेश' र 'एक घर, एक धारा' कार्यक्रमले पूर्णता पाउन सकेको छैन ।



आगामी आवको बजेटमा पनि 'एक घर, एक धारा' कार्यक्रमलाई निरन्तरता दिइएको छ। खानेपानीका बहुवर्षीय आयोजनाका लागि रू एक अर्ब सात करोड बजेट विनियोजन गरिएको छ ।

यस्तै तत्काल राष्ट्रिय प्रसारण लाइन पुऱ्याउन नसकिने ठाउँमा सामुदायिक लघुजलविद्युत् आयोजनाको मर्मतसम्भार र सौर्य ऊर्जा प्रविधि जडानका लागि बजेट छुट्याइएको आर्थिक मामिला मन्त्रालयले जनाएको छ ।

प्रदेशको ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयका अनुसार हालसम्म ९९.८० प्रतिशत घरमा बिजुली पुगेको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयले गत माघमा सार्वजनिक गरेको नेपाल बहुसूचक सर्वेक्षण २०८१/८२ को प्रतिवेदनले भने गण्डकी प्रदेशका ९९ दशमलव ५ प्रतिशत घरधुरीमा विद्युत् सेवाको पहुँच पुगेको देखाएको थियो। जुन अन्य प्रदेशको तुलनामा गण्डकीमा सबैभन्दा बढी हो ।

मन्त्रालयको खानेपानी तथा सरसफाई महाशाखाका सिनियर डिभिजनल इन्जिनियर नवीन अर्यालले प्रदेशका ९७ प्रतिशत घरधुरीमा आधारभूत खोनपानी सेवा पुगेको बताउनुभयो। "आधारभूतस्तरको खानेपानीमा लगभग सबै घरधुरीको पहुँच छ, हरेक घरमा निजी धारा भने अझै

बाँकी तेश्रो पेजमा

# भानुमा निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर

भञ्ज्याङ समाचारदाता/भानु

"मेरो स्वास्थ्य, मेरो जिम्मेवारी" भन्ने नारासहित भानु नगरपालिकामा बिहीबार निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर सञ्चालन गरिएको छ । प्रदेश आयुर्वेद चिकित्सालय दमौलीका प्रमुख डा. नारायण श्रेष्ठले शिविरको शुभारम्भ गर्दै नागरिकलाई घरदैलोमै गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यका साथ आयोजित शिविरले स्थानीयवासीलाई प्रत्यक्ष लाभ पुग्ने अपेक्षा गरे ।



शिविरमार्फत पाइल्स, फिस्टुला, फिसर, ग्यास्ट्रिक तथा कब्जियत, कलेजो तथा मिर्गौला सम्बन्धी रोग, उच्च रक्तचाप, मधुमेह, अनिद्रा, हाडजोर्नी तथा बाथरोग, दम, खोकी, पिनासलगायत विभिन्न रोगहरूको निःशुल्क स्वास्थ्य परीक्षण, परामर्श तथा औषधि वितरण सेवा प्रदान गरिएको आयोजकले जनाएको छ।

त्यसैगरी शिविरमा महिला स्वास्थ्य सेवा, प्रसूति तथा बालरोग सेवा, ज्येष्ठ नागरिक स्वास्थ्य सेवा, स्तनसम्बन्धी सेवा तथा योग सेवा समेत उपलब्ध गराइएको छ।

आयुर्वेद उपचार पद्धतिको पहुँच विस्तार गर्दै नागरिकलाई स्वास्थ्यप्रति सचेत बनाउने उद्देश्यले सञ्चालन गरिएको शिविरमा स्थानीयवासीको उत्साहजनक सहभागिता रहेको जनाइएको छ। स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका नागरिकलाई लक्षित गरी यस्ता कार्यक्रमले समुदायस्तरमा स्वास्थ्य प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरिएको छ ।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# उत्पादनमा जोड दिऊ

असारको महिना लागेको छ । मुरी उब्जाउनका लागि मानो रोप्ने महिना । हाम्रो मुख्य बाली धान । सिंचाई सुविधा भएका खेतमा चैतमा रोपिएको धान अहिले पाकेर कृषक थन्काउन व्यस्त छन । आकाशे पानीको भरमा रोपिने खेतमा भने मनसुन भित्रिएसंगै पानीको पर्खाइमा कृषक बसेका छन् । तर, प्रयाप्त पानी नपर्दा धन रोपाइले गति लिन सकेको छैन । प्रयाप्त पानीपरेपछि मुल फुट्ने र खेत तथा फाँटहरूमा कृषकहरूले असारे धानको विऊ रोप्ने गर्दछन । तर, अहिले खेती गर्ने युवा जनशक्ति नहुँदा रोपाइ गर्न पनि कृषकहरूले निकै सास्ती झेल्नुपरेको छ । यस्तै, मुलुकका तीनै तहका सरकारको कृषि क्षेत्रलाई प्रवर्द्धनका लागि निकै लोभलाग्दा नारा ल्याउने गरेपनि युवा ती नारामा आकर्षित हुन सकेका छैनन् र हाम्रा खेतीयोग्य उर्वर भूमि बाँझिने क्रम बढ्दै गएको छ । सरकारका ती नारा नारामै मात्र सिमित भएका छन् भन्दा फरक नपर्ने अवस्था छ ।

तीनै तहलाई एकल र साझा अधिकार प्रदान गरिएको छ । स्थानीय तहको सन्दर्भमा २२ वटा एकल अधिकारमध्ये ३ वटा एकल अधिकार सिँचाइ, कृषि तथा पशु विकाससँग सम्बन्धित छन् । जसलाई स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले विस्तृत रूपमा व्याख्या गरेको छ । कृषि र पशु विकास गर्ने, अनुगमन गर्ने, नियन्त्रण र नियमन गर्ने सम्पूर्ण जिम्मेवारी स्थनीय तहको हो । त्यसैले कृषि तथा पशु विकास गर्नको लागि सम्पूर्ण जिम्मेवारी स्थानीय तहलाई दिएको छ । स्थानीय तहको आर्थिक विकासको मेरूदण्ड भनेको कृषि तथा पशु विकासको क्षेत्र नै हो । हाम्रो जस्तो परिवेशमा, कृषि विना स्थानीय तहको आर्थिक उन्नतिको कल्पना गर्न पनि सकिँदैन । हालसम्म पनि हाम्रो विद्यमान खेती प्रणाली अधिकांश परम्परागत र निर्वाहमुखी प्रकारको छ । जसको कारण अधिकांश जनताहरू कृषिमा आधारित भएतापनि खाद्यान्न, तरकारी, मासु, अण्डा, दूध, फलफूल आदिमा आत्मनिर्भर हुन सकेको अवस्था छैन । त्यसै कारण कृषि पेसा विकर्षित हुँदै गइरहेको छ । फलस्वरूप, अधिकांश युवाहरू विदेश पलायन भएका छन् र खेती गर्ने जनशक्ति नहुँदा जग्गा बाँझो हुने क्रम पनि बढ्दै गएको छ । जबसम्म कृषि पेसा आकर्षित हुँदैन, तबसम्म युवाहरू कृषिमा संलग्न हुँदैनन् र युवा विदेश पलायन हुने दर पनि रोकिंदैन ।

स्थानीय तहमा जननिर्वाचित प्रतिनिधिहरूको बहालीपश्चात् कृषि विकाससम्बन्धी केही कार्यहरू भएतापनि आशातीत उपलब्धिहरू हुन सकेका छैनन् । जसको प्रमुख कारण प्रभावकारी ढंगले कृषिसम्बन्धी योजना तर्जुमा नहुनु र त्यसको प्रभावकारी कार्यान्वयन हुन नसक्नु नै हो । त्यसैले व्यवस्थित तथा प्रभावकारी ढंगले कृषि क्षेत्रको विकास गर्नका लागि पहिलो प्रवेश विन्दु हो । स्थानीय तहको प्रभावकारी कृषिको योजना तर्जुमा गरी अगाडि बढ्नुको विकल्प छैन । योजना त राम्रो गरियो, तर राम्रो कार्यान्वयन हुन सकेन भने केही अर्थ हुँदैन । तसर्थ प्रभावकारी कार्यान्वयन अर्को महत्वपूर्ण पाटो हुन्छ । प्रभावकारी कार्यान्वयनका लागि नीति निर्माण तहको संयन्त्र र त्यसलाई कार्यान्वयन गर्ने प्राविधिक कर्मचारीको टिम आवश्यक पर्छ । कतिपय स्थानीय सरकारले कृषि क्षेत्रलाई भन्दै बजेटको व्यवस्था गरेपनि त्यो कृषकको पहुँच पुग्न नसकेको गुनासो सुनिने गर्छ। कृषि क्षेत्रको विकासका लागि सही योजना र उत्पादित उपजको बजारीकरणमा ध्यान दिन सकिएन भने उपलब्धी सून्य हुन्छ ।

स्थानीय सरकारले उपलब्ध गर्ने कृषि क्षेत्रको अनुदान सहज रूपमा कृषकले प्राप्त गर्न सकेनन् भने किसानहरूको जीवनस्तर सुधार मात्र होइन स्थानीय सरकारको अनुभूति पनि जनताले गर्न पाउँदैनन् । स्थानीय तहले कृषिसम्बन्धी कार्य गर्ने थलो वडा नै भएकाले, कृषि योजना गर्दा सर्वप्रथम नीतिगतरूपबाट कुन वडामा कुन बालीलाई प्राथमिकता दिने भन्ने विषयमा निर्क्यौल गर्नुपर्दछ । यति मात्र होइन वडावडामा कृषकले उत्पादन गरेको उपजलाई सहज रूपमा बजारीकरणको पाटोलाई पनि व्यवस्थापन गर्न स्थानीय सरकारको ध्यान पुग्नुपर्छ । कृषकले उत्पादन गरेको उपज सहज रूपमा बजारीकरण हुन नसक्दा उत्पादित वस्तु खेरा जाने अवस्था छ। कतिपय पालिकाहरूले कृषि हाटबजार सञ्चालनको शुभारम्भ गरेपनि प्रभावकारी हुन सकेन । कृषक र उपभोक्तालाई सिधा जोड्ने र उत्पादित कृषि उपजको सहज बजारीकरण गरी कृषकको आर्थिक पक्ष सबल बनाउने उद्देश्यका साथ पालिकाले कृषि हाटबजार कार्यक्रम अगाडि ल्याएका पनि छन् । तर, त्यसको प्रभावकारिता पनि खासै देखिएको छैन । पालिकाहरूले उत्पादन वृद्धि गर्दै उत्पादित उपजको बजारीकरणमा विशेष ध्यान पुऱ्याउनु पर्दछ। बढ्दो बजारीकरण तथा अन्य विविध कारणले परम्परागतढंगले हाटबजार लाग्न छाडेपछि कृषकहरू उपभोक्तासंग सिधा जोडिन सकेका छैनन् । हाटबजार सञ्चालन नहुँदा आफुले उत्पादन गरेको उपजलाई सहज रूपमा बिक्री वितरण गर्ने माध्यम टुटाएका कृषकलाई पालिकाहरूले व्यवस्थित ढंगले हाटबजार सञ्चालन गरी तथा कृषकको उत्पादन सोझै किनेर बिक्री वितरण गर्ने तर्फ समेत ध्यान पुऱ्याउन सके पक्कै पनि व्यवसायिक कृषि तथा पशुपालन क्षेत्रमा युवालाई आकर्षित गर्न सकिन्छ र उत्पादनमा पनि वृद्धि हुनेछ ।

# दुईदिने बिदा कसका लागि ?

♦ विदुर कटुवाल

अभूतपूर्व जनमत पाएसँगै जनतामा आशा जगाएको रास्वपा सरकारले गरेको दुईदिने सार्वजनिक बिदाको निर्णय विस्तारै गलत सावित हुँदै गएको छ । सरकारका समर्थकहरु यसलाई सुधारको बाटो भनिरहेका छन् । तर बिदाको कार्यान्वयन पक्ष हेर्दा भने जनतालाई सास्ती दिने अपरिपक्व निर्णय हुन पुगेको छ ।

सुरूवाती दिनहरूमा दुईदिने बिदालाई ऐतिहासिक प्रशासनिक सुधारका रूपमा प्रस्तुत गरिएको थियो। कर्मचारीलाई पर्याप्त विश्राम मिल्ने, कार्यालयको कार्यक्षमता बढ्ने, इन्धन खर्च घट्ने, पारिवारिक जीवन सुदृढ हुने तथा समग्र राज्य सञ्चालन थप व्यवस्थित बन्ने सरकारी पक्षको दाबी थियो । त्यस्ता तर्क सुन्दा नेपाल नयाँ युगमा प्रवेश गर्दैछ भन्ने लागेको थियो । आधुनिकता र मानवीय संवेदनशीलता एकसाथ अभिव्यक्त भइरहेको भान हुन्थ्यो ।

स्वाभाविक रूपमा कुनै पनि सरकारी नीतिको वास्तविक परीक्षण त्यसको घोषणाबाट हुने होइन । परिणामबाट हुने हो । घोषणा भव्य हुन सक्छ तर त्यसको मूल्याङ्कन भने जनताले भोग्ने अनुभवबाट मात्रै थाहा हुन्छ । हामी आज दुईदिने बिदाले निम्त्याएको अवस्था अस्पतालको लाइनमा उभिएका बिरामीका आँखामा देख्न सक्छौँ । विद्यालय बन्द भएपछि बालबालिकाका अभिभावकको चिन्तामा देख्छौँ ।




अझ उपचारको खोजीमा जिल्ला सदरमुकामको सरकारी अस्पताल पुग्दा सेवा बन्द भएको पाइरहेको गाउँले किसानको थकित अनुहारमा देख्न पाइन्छ । आफ्ना छोराछोरी बिदाका अधिकांश दिन मोबाइलको स्क्रिनमै हराइरहेको देखेर चिन्तित अभिभावकका दु:खमा भेटिन्छ ।

सरकार गठन भएको अब तीन महिना पुग्न लागेको छ । दुईदिने सार्वजनिक बिदा लागू भएको पनि त्यति नै समय बितिसकेको छ। यस अवधिमा प्राप्त अनुभवका आधारमा स्पष्ट भन्न सकिन्छ–दुईदिने बिदाको नीति नेपालको सामाजिक, आर्थिक र भौगोलिक यथार्थसँग मेल खाँदैन । यो अवैज्ञानिक छ । विगतमा कायम रहेका बिदा व्यवस्थाहरु नै तुलनात्मक रूपमा बढी वैज्ञानिक र व्यावहारिक थिए ।

दुईदिने बिदाको नीति लागू गर्दा नागरिकको वास्तविक अवस्था, सार्वजनिक सेवाको क्षमता, स्वास्थ्य प्रणालीको कमजोरी तथा बालबालिकाको विकासमा पर्न सक्ने प्रभावबारे पर्याप्त अध्ययन र सोचविचार गरिएको देखिँदैन । परिणामस्वरूप, एउटै नीतिले एकैपटक धेरै क्षेत्रमा नकारात्मक असर पारेको छ।

अब भने यो सन्दर्भ केवल बिदाको विषय मात्र सीमित रहेन । शासन प्रणालीको प्राथमिकता र नागरिकप्रतिको उत्तरदायित्वसँग जोडिएको गम्भीर बहसको विषय बनेको छ ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने मौलिक अधिकार प्रदान गरेको छ । तर अधिकार केवल कागजमा लेखेर पूरा हुँदैन, व्यवहारमा सुनिश्चित हुनुपर्छ। आज सरकारी अस्पतालहरूको अवस्था हेर्दा संविधानको भावना र नागरिकले भोग्ने यथार्थबीच गहिरो तथा पीडादायी खाडल देखिन्छ ।

शनिबार र आइतबार सरकारी अस्पतालमा नियमित ओपीडी सेवा बन्द हुँदा सोमबारदेखि शुक्रबारसम्म अत्यधिक चाप देखिन्छ । सरकारी अस्पतालहरूमा सोमबार बिहानैदेखि 'टिकट काउन्टर' अगाडि सयौँको लाइन लाग्ने गरेको छ । वृद्धवृद्धा, गर्भवती महिला, साना बालबालिका र गम्भीर रोगीहरु घण्टौँ पालो कुर्न बाध्य छन् । कतिपय बिरामी पालो नै नपाएर फर्किन्छन् । उनीहरु उपचारभन्दा बढी झन्झटको सामना गरिरहेका छन् ।

त्यो दृश्य देख्दा प्रश्न उठ्छ–के सरकार जनताप्रति उत्तरदायी छ? के एउटा बिरामीले बिहान चार–पाँच बजेदेखि लाइनमा उभिएर दिनभर समय बिताउनुपर्ने अवस्था सभ्य राज्यको संकेत हो ? वा यसले नागरिकप्रति सरकारको जिम्मेवारीबोध कति कमजोर छ भन्ने देखाउँछ ?

दुईदिने बिदाको निर्णय गर्दै गर्दा सरकारले एउटा आधारभूत प्रश्न सोध्नुपर्ने थियो । नेपालको स्वास्थ्य प्रणालीको वास्तविक अवस्था के छ ? जनसंख्याको अनुपातमा चिकित्सकको उपलब्धता कति छ ? ग्रामीण क्षेत्रमा विशेषज्ञ चिकित्सकको पहुँच कस्तो छ ? सरकारी अस्पतालमा जनशक्ति र उपकरणको अवस्था कस्तो छ ? सरकारी अस्पतालमा स्वास्थ्यकर्मी र कर्मचारीको प्रवृत्ति कस्तो छ ? यस्ता प्रश्नहरूको उत्तर खोजिएन । त्यस्ता सवालमा कुनै पनि अध्ययन नै भएन ।

सरकारी अस्पतालका विगतमा भएका हजारौँ समस्या आज पनि ज्युँका त्युँ छन्। ती समस्या समाधान गर्न सरकारले कुनै कदम चालेन । यस्तो अवस्थामा सेवा दिने दिन घटाएर नागरिकको स्वास्थ्य अधिकार सुनिश्चित गर्न सकिँदैन । अझ गम्भीर कुरा त के छ भने, यो नीतिले स्वास्थ्य क्षेत्रमा कस्तो प्रभाव पारिरहेको छ भन्ने कुनै वैज्ञानिक सार्वजनिक मूल्याङ्कन भएको छैन ।

सरकारी अस्पतालहरु उपचारका केन्द्र बने कि बिरामी निजी अस्पतालतर्फ धकेलिँदै छन् ? सरकारी अस्पताल बन्द हुँदा निजी अस्पतालमा उपचार गराउन नसक्ने बिरामीको अवस्था के भयो ? यी प्रश्नहरूको उत्तर कसैले खोजेको देखिँदैन।

नेपालको स्वास्थ्य प्रणाली अझै अत्यधिक रूपमा केन्द्रीकृत छ । अधिकांश विशेषज्ञ सेवा देशका ठूला सरकारी अस्पतालमै सीमित छन्। जिल्ला अस्पताल तथा सदरमुकामका अस्पतालहरु सीमित जनशक्ति र स्रोतसाधनका भरमा सञ्चालन भइरहेका छन् । त्यसकारण गाउँका गम्भीर बिरामी अन्ततः ठूला सहरका अस्पताल खोज्दै सहर पस्न बाध्य छन् ।

बिरामीका लागि त्यो यात्रा शारीरिक, मानसिक र आर्थिक तीनै दृष्टिले पीडादायी हुन्छ । उपचार खोज्दै हिँडेको बिरामी झन् बिरामी बन्नुपर्ने अवस्था छ । त्यसमाथि सरकारी अस्पतालकै चिकित्सकहरूले बिरामीलाई निजी अस्पतालतर्फ पठाउने र कमिसन लिने पुरानो प्रवृत्ति अझै अन्त्य भएको छैन । थप बिदाले त्यो अवस्थालाई झन् सहज बनाइदिएको छ ।

कल्पना गरौँ–नेपालको दुर्गम पहाडी क्षेत्रबाट काठमाडौंको सरकारी अस्पतालमा बिरामी ल्याउनु एउटा परिवारका लागि कति ठूलो बोझ हुन्छ ? यातायात खर्च, बसोबास खर्च, खानपान खर्च । यी सबै जोड्दा लाखौँ रूपैयाँ खर्च हुन सक्छ । तर त्यसमाथि अस्पताल बन्द हुने वा अत्यधिक भीडका कारण थप दिन कुर्नुपर्ने अवस्था आएमा त्यो अतिरिक्त भार कसले बेहोर्छ ?

काठमाडौंका मध्यमवर्गीय परिवारका लागि केही दिनको अतिरिक्त खर्च असुविधाजनक हुन सक्छ तर विनाशकारी भने हुँदैन । तर दैनिक ज्यालादारी गरेर परिवार पाल्ने किसान, मजदुर वा निम्न आय भएका परिवारका लागि प्रत्येक अतिरिक्त दिन आर्थिक विपत्ति हो ।

यही कारण सार्वजनिक स्वास्थ्य सेवा कमजोर हुँदा सम्पन्न वर्ग निजी अस्पताल जान्छ । महँगो उपचार उनीहरूका लागि सम्भव हुन्छ। तर निम्न आय भएका परिवार ऋणमा डुब्छन् । कतिपयले जग्गाजमिन नै बेच्नुपर्छ। कतिपयले वैदेशिक रोजगारीमा रहेका आफन्तसँग सहयोग माग्नुपर्छ । यसरी एउटा बिरामीले परिवारलाई आर्थिक रूपमा सखाप बनाउने जोखिम बोकेको हुन्छ ।

### शिक्षा क्षेत्र

यता शिक्षा क्षेत्रको समस्या पनि गम्भीर बन्दै गएको छ । दुईदिने बिदाको अर्को दीर्घकालीन असर शिक्षा क्षेत्रमा देखिन थालेको छ। विद्यालय बन्द हुँदा बालबालिकाले सिर्जनात्मक गतिविधि, खेलकुद, पुस्तक अध्ययन वा परिवारसँग गुणस्तरीय समय बिताउनुपर्ने हो । तर नेपालको सामाजिक यथार्थ यसको ठीक विपरीत भइरहेको छ ।

पहिले आइतबारदेखि शुक्रबारसम्म विद्यालय सञ्चालन भएर शनिबार मात्र बिदा हुने व्यवस्था थियो । त्यो एकदिने बिदा तुलनात्मक रूपमा वैज्ञानिक देखिन्थ्यो। अहिले शनिबारसँगै आइतबार पनि बिदा हुँदा धेरै बालबालिकाको समय टिकटक, युट्युब, फेसबुक, इन्स्टाग्राम र अनलाइन गेममा बित्न थालेको छ ।

प्रविधि समस्या होइन । समस्या यसको अनियन्त्रित र उद्देश्यहीन प्रयोग हो । डिजिटल प्रविधि आधुनिक शिक्षाको महत्त्वपूर्ण माध्यम हो । तर अध्ययनका

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
पहिलेको उपलब्धिले काममा हौसला जगाउनेछ। विगतका कमजोरीलाई पनि सुधार गर्ने मौका छ।

**वृष**
नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरु बढ्नेछन्। काम बन्नुका साथै धनलाभ हुनेछ।

**मिथुन**
बिछोडिएका आफन्तजनसँग रमाइलो भेटघाट हुन सक्छ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ।

**कर्कट**
अरुको विश्वास गर्दा गोपनीयता बाहिरिन सक्छ। अवसरवादीहरूले फाइदा उठाउन सक्छन्।

**सिंह**
हडबड गर्नाले काम बिग्रन सक्छ। साथीभाइ टाढिनेछन् भने अरूको फाइदाका लागि उपयोग भइनेछ।

**कन्य**
फाइदाका लागि दोहोर्याएर प्रयत्न गर्नुपर्ला। अपिरिचित व्यक्तिको विश्वास गर्दा धोका पाइनेछ।

**तुला**
आत्मविश्वासको कमीले काममा पछि परिनेछ। शुभचिन्तकहरूको भावनालाई बेवास्ता गर्दा दुःख पाइनेछ।

**वृश्चिक**
जिम्मेवारी प्राप्त भए पनि बेलामा होस नपुर्याउँदा समस्या पर्ला। काममा प्रतिस्पर्धा बढ्नेछ

आम्दानी बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने योग छ। थोरै लगानीबाट धेरै नाफा उठाउन सकिनेछ।

**मकर**
पहिलेका कमजोरी सच्याउन काम दोहोर्याउनुपर्ला। तत्कालको फाइदा हेर्दा पछिलाई समस्या पर्न सक्छ।

**कुम्भ**
आगन्तुकले अलमल्याउने हुँदा काममा बाधा हुनेछ। अरूको फाइदाका लागि उपयोग भइएला।

**मीन**
सोचेको नतिजा तत्काल प्राप्त नहुन सक्छ। तापनि पहिलेका कमजोरी सच्याउन सकिनेछ।

# दुईदिने बिदा कसका .....

लागि प्रयोग हुनुपर्ने उपकरण मनोरञ्जन र लतको साधन बन्दै गएको छ । सरकारले बिदाका दिनमा बालबालिकाका लागि वैकल्पिक सिर्जनात्मक अवसरहरु विकास गर्नुपर्थ्यो । सामुदायिक खेलकुद कार्यक्रम, पुस्तकालय पहुँच, सिकाइसम्बन्धी गतिविधि र सामाजिक सहभागिताका कार्यक्रम सञ्चालन गरिनुपर्थ्यो । तर यथार्थ त्यस्तो छैन ।

विद्यार्थीको ध्यान केन्द्रित गर्ने क्षमता घट्दै गएको गुनासो आउन थालेको छ । छोटा भिडियोको संस्कृतिले धैर्यपूर्वक अध्ययन गर्ने बानी कमजोर बनाइरहेको छ । जटिल विषयमाथि सोच्ने, विश्लेषण गर्ने र निष्कर्ष निकाल्ने क्षमता खस्किँदै गएको छ । यो केवल आजको समस्या होइन, भविष्यको नेपालको बौद्धिक क्षमतामाथिको चुनौती हो ।

आजको पुस्ता इतिहासकै सबैभन्दा बढी डिजिटल सामग्रीसँग जोडिएको पुस्ता हो। यसमा अवसर र खतरा दुवै छ। सामाजिक सञ्जाल कम्पनीहरुको उद्देश्य शिक्षा होइन, प्रयोगकर्तालाई सकेसम्म लामो समय आफ्नो प्लेटफर्ममा राख्नु हो। उनीहरु सूचना पाइरहेका छन् । तर ज्ञान आर्जन गरिरहेका छैनन् । सम्पर्कमा छन् तर गहिरो सम्बन्धबाट टाढिँदै गएका छन्। व्यस्त देखिन्छन् तर उत्पादनशील बन्न सकेका छैनन् ।

नेपालमा डिजिटल साक्षरताको चर्चा धेरै हुन्छ । डिजिटल अनुशासनको चर्चा कम हुन्छ । मोबाइल किन्न सजिलो छ । त्यसको स्वस्थ प्रयोगको संस्कृति विकास गर्न कठिन छ । अभिभावक र विद्यालयहरुले यो चुनौती महसुस गरिरहेका छन् । तर राज्यले यसलाई नीतिगत प्राथमिकतामा राखेको देखिँदैन ।

**बिदा र सरकार**

दुईदिने बिदाको बहसभन्दा ठूलो प्रश्न आज उब्जिएको छ-सरकार कसका लागि? राज्यको प्राथमिकता नागरिक हुन् कि कर्मचारीतन्त्र ? यदि नीति निर्माणको केन्द्रमा नागरिक हुन्थे भने दुईदिने बिदा लागू गर्नुअघि अस्पताल, विद्यालय, सार्वजनिक सेवा र अर्थतन्त्रमा पर्ने प्रभावको गहिरो अध्ययन गर्नुपर्थ्यो । स्वास्थ्य सेवा प्रभावित नहुने व्यवस्था सुनिश्चित गरिन्थ्यो। बालबालिकाको बिदा उत्पादनशील बनाउने कार्यक्रम ल्याइन्थ्यो। ग्रामीण नागरिकका लागि सेवा पहुँच थप सहज बनाइन्थ्यो ।

तर व्यवहार नितान्त फरक भयो । बिदाको घोषणा गरियो, कर्मचारीलाई सुविधा मिल्यो, तर नागरिकका लागि वैकल्पिक व्यवस्था के हो भन्ने प्रश्न अनुत्तरित रह्यो। यसले एउटा गम्भीर प्रवृत्ति उजागर गर्छ । नेपालको शासन प्रणाली क्रमशः नागरिककेन्द्रितभन्दा कर्मचारीकेन्द्रित बन्दै गएको छ । सार्वजनिक प्रशासनको उद्देश्य नागरिकलाई सेवा भए तापनि जब सेवा प्रवाहभन्दा कार्यालयको सुविधा ठूलो विषय बन्छ, त्यहाँ शासनको मूल उद्देश्य नै विचलित हुन्छ ।

**अन्त्यमा**

अब नेपालमा भावनात्मक बहसमा रुमल्लिने समय छैन । तथ्यमा आधारित, नागरिकको अनुभवमा टेकेको र भविष्यप्रति जिम्मेवार नीतिगत पुनर्विचारको समय छ । यदि दुईदिने बिदाका कारण अस्पतालमा बिरामीको चाप बढेको छ भने त्यसको समीक्षा गरिनुपर्छ। यदि बालबालिकाको स्क्रिन समय अनियन्त्रित भएको छ भने त्यसको समाधान खोजिनुपर्छ । यदि ग्रामीण नागरिक सेवाबाट थप टाढिएका छन् भने त्यो खाडल पुरिनुपर्छ ।

सरकारको काम आफ्नो निर्णयको रक्षा गर्नु मात्र होइन, आवश्यक परे निर्णय सच्याउनु पनि हो। दुईदिने बिदाको सफलता वा असफलताको निर्णय सिंहदरबारको बैठक कोठाले गर्दैन। त्यो निर्णय अस्पतालको लाइनले गर्छ, गाउँबाट काठमाडौं आउने बिरामीको पीडाले गर्छ, मोबाइलमा हराएका बालबालिकाले गर्छन् र आफ्ना छोराछोरीको भविष्यप्रति चिन्तित अभिभावकले गर्छन् ।

स्वास्थ्य सेवाको पहुँच, शिक्षाको गुणस्तर, बालबालिकाका लागि सिर्जनात्मक अवसर र सार्वजनिक सेवाको प्रभावकारिता नै समृद्ध राष्ट्रका आधार हुन् । राज्यको सफलता कर्मचारीलाई बिदा दिनुमा होइन, नागरिकलाई न्याय दिनुमा हुन्छ । त्यो न्याय अस्पतालको ढोकाबाट, विद्यालयको कक्षाकोठाबाट र गाउँकै सेवा केन्द्रबाट सुरु हुनुपर्छ ।

लोकतन्त्रमा सरकार जनताप्रति जवाफदेही हुनुपर्छ। यो जवाफदेहिता केवल चुनावका बेला होइन, प्रत्येक नीति निर्माण र कार्यान्वयनमा देखिनुपर्छ । सरकारले दुईदिने बिदाको नीतिको व्यापक र स्वतन्त्र प्रभाव मूल्याङ्कन गराउनुपर्छ । त्यो प्रतिवेदन संसद्मा प्रस्तुत हुनुपर्छ । नागरिक समाज, विज्ञ र सर्वसाधारणले त्यसमाथि खुला बहस गर्न पाउनुपर्छ ।

नेपाललाई आज थप बिदाभन्दा समयमै उपचार पाउने स्वास्थ्य प्रणाली, गुणस्तरीय शिक्षा, स्वस्थ बाल्यकाल, तथा ग्रामीण नागरिकले आफ्नै क्षेत्रमा सहज रुपमा सेवा पाउने विकेन्द्रित व्यवस्थाको बढी आवश्यकता छ । राज्यको सफलता कर्मचारीलाई आराम दिनुमा होइन, नागरिकलाई सम्मानजनक सेवा दिनुमा निहित हुन्छ । यही नै लोकतान्त्रिक शासनको वास्तविक मापदण्ड हो । रासस

# गण्डकीमा दशकदेखि ......

पु¥याउन सकिएको छैन”, उहाँले भन्नुभयो, “पछिल्लो समय मन्त्रालयले ‘एक घर, एक धारा’ अभियानलाई केन्द्रित गरी बजेटमा प्राथमिकता दिएको छ ।” प्रदेशका ६६ प्रतिशत घरधुरीमा निजी धारा जडान भइसकेको उहाँले बताउनुभयो । मन्त्रालयको आँकडाअनुसार प्रदेशका तीन प्रतिशत घरधुरी अझै पनि आधारभूत खानेपानीको पहुँचबाट टाढा छन् ।

एकानब्बे प्रतिशत जनसङ्ख्यामा पहिल्यै आधारभूतस्तरको खानेपानी सेवा पुगेकामा प्रदेश सरकार आएपछि पहुँच बढेर ९७ प्रतिशत पुगेको हो । आधा घण्टाको दूरीसम्म खानेपानी सेवा पुगेका अवस्थामा आधारभूतस्तरको खानेपानी सेवा पुगेको मानिने इन्जिनियर अर्यालले बताउनुभयो । खानेपानी लिन आधा घण्टाभन्दा बढी समय लागेमा मात्र आधारभूतस्तरको खानेपानीको सेवा नपुगेको मान्ने गरिन्छ ।

खानेपानीको पूर्वाधार र गुणस्तर सुधार गरी मध्यम तथा उच्चस्तरको खानेपानी सेवा पु¥याउने कार्यक्रमलाई पनि मन्त्रालयले निरन्तरता दिँदै आएको छ । मध्यम तथा उच्चस्तरको खानेपानीको सुविधा कममात्र घरधुरीमा पुगेको जनाइएको छ। इन्जिनियर अर्यालले ‘एक घर, एक धारा’को लक्ष्य पूरा हुन अझै केही वर्ष लाग्ने बताउनुभयो ।

सन् २०३० सम्ममा नेपालका सबै घरधुरीमा आधारभूत स्तरको खानेपानी सेवा पु¥याउने लक्ष्य संघ सरकारको छ । मन्त्रालयको ऊर्जा शाखाका प्रमुख इन्जिनियर जीवन श्रेष्ठले तनहुँको देवघाटका दुई सय र बागलुङको ढोरपाटनमा पर्ने निसेलढोरका ८० घरधुरीमा मात्र विद्युत् सेवा पुग्न बाँकी रहेको बताउनुभयो । “देवघाट र निसेलढोरमा घरेलु सौर्य ऊर्जा जडान गरी विद्युत् सेवा पु¥याउन गरी बजेट प्रस्ताव गरिएको छ”, उहाँले भन्नुभयो, “आगामी आवभित्रमा उज्यालो गण्डकी प्रदेशको लक्ष्य पूरा हुन्छ ।”

ऊर्जा शाखाका अनुसार पाँच लाख ७४ हजार ७९८ घरधुरी विद्युत् सेवाको पहुँचमा छन् । जसमध्ये राष्ट्रिय प्रसारण लाइनको योगदान ९५.६८ प्रतिशत छ भने बाँकी लघुजलविद्युत, नवीकरणीय ऊर्जा आदिको छ । राष्ट्रिय प्रसारण लाइनमा नजोडिएका मुस्ताङ, मनाङ, म्याग्दी र गोरखाका सात स्थानीय तहका एक हजार २०५ घरधुरीमा प्रदेश सरकारको ७५ प्रतिशत अनुदानमा घरेलु सौर्य ऊर्जा जडान गरिएको मन्त्रालयले जनाएको छ ।

यस्तै संस्थागत सौर्य ऊर्जा जडान कार्यक्रमबाट विभिन्न जिल्लामा गरी कुल १६२ किलोवाट क्षमताको सौर्य ऊर्जा जडान गरिएको छ । प्रदेशमा रहेका ९० वटा लघुजलविद्युत् आयोजनाबाट तीन हजार २९५ किलोवाट बिजुली उत्पादन भइरहेको छ । जसबाट १५ हजार ४४० घरधुरी लाभान्वित भएका छन् । मन्त्रालयले गत वर्ष विद्युत् प्राधिकरण र स्थानीत तहसँगको समन्वयमा बिजुली नपुगेका घरधुरीको खोजी र पहिचान गरेको थियो । रासस

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८
हाम्रा उपलब्ध सेवाहरू :
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त

**आदिकवि भानुभक्त क्याम्पस**

व्यास-१, विज्ञानचौर, दमौली, तनहुँ

**विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर प्रत्यायनकृत (२०८०)**

**विशिष्ट प्राध्यापक (Visiting Professor) आवश्यकता सम्बन्धी सार्वजनिक सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०३/१२**

यस आदिकवि भानुभक्त क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, उच्च शिक्षालाई थप सबल र प्रतिस्पर्धी बनाउन तथा विषयगत शिक्षण विधिलाई थप प्रभावकारी एवं प्रविधिमैत्री बनाउनका लागि शैक्षिक सत्र २०८३/०८४ का लागि विभिन्न संकायहरुमा विशिष्ट प्राध्यापक (Visiting Professor)को आवश्यकता परेकोले तोकिएको योग्यता पुगेका, शिक्षण तथा अनुसन्धान कार्यमा लामो अनुभव हासिल गर्नुभएका इच्छुक प्राध्यापकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवश्यक कागजातसहित क्याम्पसमा रीतपूर्वक आवेदन दिनुहुन यो सूचना आह्वान गरिन्छ ।

**१. आवश्यक विषय र पद संख्या**

**पद** : विशिष्ट प्राध्यापक (Visiting Professor)

**संख्या** : केही (सङ्काय र विषयका आधारमा)

| क्र.सं. | सङ्काय | विषय | पद संख्या |
|---|---|---|---|
| १ | व्यवस्थापन | लेखा, वित्तशास्त्र, बजारशास्त्र, मानव संसाधन व्यवस्थापन, संगठनात्मक व्यवहार, अर्थशास्त्र, उद्यमशीलता व्यवस्थापन र रणनीतिक व्यवस्थापन । | प्रति विषय १ (एक) जना |
| २ | शिक्षा | मनोविज्ञान, गणित, अंग्रेजी, नेपाली, बालविकास, पाठ्यक्रम तथा मूल्याङ्कन, विज्ञान शिक्षा र जनसंख्या । | |
| ३ | विज्ञान | भौतिक शास्त्र, रसायन शास्त्र, वनस्पति शास्त्र, प्राणीशास्त्र र कम्प्युटर विज्ञान । | |
| ४ | मानविकी | समाजशास्त्र, राजनीतिक शास्त्र र अर्थशास्त्र । | |

**२. आवश्यक न्यूनतम योग्यता र अनुभव**

- सम्बन्धित विषयमा मान्यता प्राप्त विश्वविद्यालयबाट विद्यावारिधि (Ph.D.) उपाधि हासिल गरेको हुनुपर्ने।
- विश्वविद्यालय तहमा प्राध्यापक (Professor) वा सह-प्राध्यापक (Associate Professor) पदमा रही कम्तीमा ५ वर्ष अध्यापन वा अनुसन्धान गरेको अनुभव हुनुपर्ने ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका जर्नलहरुमा अनुसन्धानमूलक लेख (Research Articles) प्रकाशित भएको हुनुपर्ने ।

**३. मुख्य कार्यभार र जिम्मेवारी**

- क्याम्पसमा सञ्चालित स्नातकोत्तर (Master's Degree) र स्नातक (Bachelor's Degree) तहका विद्यार्थीहरुलाई विशिष्टीकृत विषयहरुमा अध्यापन गराउने ।
- क्याम्पसका प्राध्यापक तथा सहकर्मीहरुका लागि प्राज्ञिक अनुसन्धान (Research Methodology) सम्बन्धी अभिमुखीकरण तथा कार्यशाला सञ्चालन गर्ने ।
- विद्यार्थीहरुको थेसिस/शोधपत्र (Thesis) लेखनमा मार्गदर्शन तथा सुपरिवेक्षण गर्ने ।

**४. सेवा र सुविधाहरु**

क्याम्पसको नियम तथा आपसी समझदारी (Mutual Agreement) का आधारमा आकर्षक पारिश्रमिक तथा सेवा-सुविधाहरु प्रदान गरिनेछ ।

**५. पेश गर्नुपर्ने कागजातहरु**

- अद्यावधिक व्यक्तिवृत्त (Updated CV)
- शैक्षिक योग्यता र प्राध्यापन अनुभवका प्रमाणपत्रहरुको प्रतिलिपि
- प्रकाशित अनुसन्धानमूलक लेखहरुको विवरण

**द्रष्टव्य** : आवेदन क्याम्पसको कार्यालयमा सिधै वा क्याम्पसको आधिकारिक इमेल abcampus@gmail.com मार्फत पनि दर्ता गर्न सकिनेछ ।

**क्याम्पस प्रमुख**

जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

पूर्वतयारी गरौं, विपदबाट बचौं




हाम्रो संदेश

वर्षा याममसँगै बाढी, पहिरोको जोखिम बढ्छ। आफ्नो घर वरपरको अवस्थाबारे सचेत रहौं।

विपद्को समयमा सुरक्षित स्थानमा जाऔं र सरकारी सूचना तथा पूर्वसूचनालाई ध्यान दिऔं।

वृक्षरोपण गरौं र प्राकृतिक स्रोतको संरक्षण गरी जलवायु परिवर्तनको असर कम गरौं।

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रेस रजिष्ट्रारको कार्यालय,
पोखरा, नेपाल

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**तकारीबारीमा विद्यार्थी** : तनहुँको आँबुखैरेनी गाउँपालिका-६ स्थित कन्यादेवी माध्यमिक विद्यालयको कक्षा ८ का विद्यार्थीहरू विद्यालयको तरकारीबारीमा गोडमेल गर्दै । श्रम, सीप र कृषिप्रति रुचि विकास गर्दै सिकाईसँगै उत्पादनमा जोड दिने ध्ययका साथ विद्यालयले यो कार्यक्रम सन्चालन गर्दै आएको छ । *तस्विर : भञ्ज्याङ*

## facebook twitter



**Gokul Prasad Baskota**
x.com/GokulPBaskota

हालाण्ड त बालेन भैं डार्क हर्ष बनेर निस्किए, केही छैन त्यो वान म्यान रोड शो जस्तै हो पुरै टिम उस्तै छैन। उनीहरू फाईनल्ली आउट नहुदासम्म मेरो विस्वास पुरानै महारथी फ्रान्स, अर्जेन्टीना र स्पेनमै छ।प्रदेश फाल्ने भनेको ठिक,कार्यकारी प्रमुख सोझै छान्ने र पुर्ण समानुपातिक  सुसाईड गोल हो।



**Tara Nath Dahal**
x.com/tndahal7

सरकार गठन भएको सय दिनसम्म बिरोधमा नबोल्ने-नलेख्ने अठोट गरिएको थियो। सार्वजनिक माध्यमहरूबाट केही सुझावहरू र प्रोत्साहनका शब्दहरू भने अभिव्यक्त गरियो। शंकाको सुविधा पाउनु भारी बहुमतको सरकारको 'हक' जस्तै नै हो।संयम राख्नु जिम्मेवार नागरिक कर्तव्य पनि हो। तर सय दिनपछि मौन बसिदैन !

# तनहुँ-कास्कीबीच सुरक्षा समन्वय सुदृढ गर्ने निर्णय

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँ र कास्की जिल्लाका जिल्ला सुरक्षा समितिका पदाधिकारीहरूको सहभागितामा अन्तर जिल्ला सुरक्षा समन्वय बैठक सम्पन्न भएको छ। दुई जिल्लाको साझा सुरक्षा चुनौती, अपराध नियन्त्रण तथा विपद् व्यवस्थापनका विषयमा विहीबार सम्पन्न बैठकले समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाउने निर्णय गरेको छ । व्यवस्थापनमा समन्वयात्मक ढङ्गले काम गर्ने विषयमा सहमति भएको तनहुँका प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले जानकारी दिए।

बैठकले अन्तर जिल्ला सीमाक्षेत्रमा हुनसक्ने आपराधिक गतिविधि नियन्त्रण, फरार अभियुक्तको खोजतलास, अवैध गतिविधिमा संलग्न व्यक्तिमाथि निगरानी तथा कारबाहीलाई थप प्रभावकारी बनाउने निर्णय गरेको छ । साथै आवश्यक सूचना तथा



बैठकमा शान्तिसुरक्षा कायम राख्ने, विभिन्न प्रकारका आपराधिक गतिविधि नियन्त्रण गर्ने, लागुऔषधको अवैध ओसारपसार तथा बेचबिखन रोक्ने, अवैध चोरी निकासी नियन्त्रण गर्ने, राजमार्ग तथा सार्वजनिक स्थानको सुरक्षा व्यवस्थापनलगायत विषयलाई प्रभावकारी बनाउने सन्दर्भमा छलफल भएको हो ।

साथै विपद्का घटनामा दुवै जिल्लाका सुरक्षा निकायबीच सूचना आदानप्रदान, उद्धार तथा राहत सूचनाका आधारमा गरिने सुरक्षा कारबाहीमा दुवै जिल्लाका सुरक्षा निकायबीच निरन्तर समन्वय कायम राख्ने निष्कर्ष निकालिएको छ ।

कास्कीका प्रमुख जिल्ला अधिकारी कुमान गुरुङले सुरक्षा चुनौती साझा विषय भएकाले सूचना आदानप्रदान र समन्वयलाई अझ सशक्त बनाउनुपर्ने बताए । बैठकमा दुवै जिल्लाका नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना तथा राष्ट्रिय अनुसन्धान विभागका जिल्ला प्रमुखहरूको सहभागिता थियो।

# भिमाद नगरपालिकाको नीति .......

प्रधानाध्यापकसँग कार्यसम्पादन सम्झौता गर्ने, शिक्षकको मूल्याङ्कन विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने तथा विद्यालय स्तरीकरण कार्यक्रम सञ्चालन गर्ने नीति स्थानीय तहमा शिक्षामा उत्तरदायित्व बढाउने प्रयासका रूपमा लिन सकिन्छ ।

**स्वास्थ्य : अस्पतालदेखि मानसिक स्वास्थ्यसम्म**

स्वास्थ्य क्षेत्र भिमाद नगरपालिकाको अर्को प्रमुख प्राथमिकता हो । नगरपालिकाले निर्माणाधीन १५ शैयाको नगर अस्पताल सञ्चालनमा ल्याउने लक्ष्य राखेको छ । स्थानीय तहमा अस्पताल सञ्चालन हुनु भनेको नागरिकले सामान्य उपचारका लागि जिल्ला वा प्रदेश केन्द्र धाउनुपर्ने बाध्यता कम हुनु हो । यसले स्वास्थ्य सेवाको पहुँच र गुणस्तर दुवैमा सुधार ल्याउन सक्छ ।

महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा मानसिक स्वास्थ्य समस्यामा रहेका नागरिकलाई लक्षित कार्यक्रम सञ्चालन गरिने उल्लेख गरिएको छ । ग्रामीण अल्ट्रासाउन्ड सेवा, निःशुल्क एम्बुलेन्स सेवा, बर्थिङ सेन्टर सुदृढीकरण, किशोरकिशोरीमैत्री स्वास्थ्य संस्था तथा स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

विशेष रूपमा मानसिक स्वास्थ्यलाई नीति तथा कार्यक्रममा स्थान दिइनु उल्लेखनीय पक्ष हो। वैदेशिक रोजगारी, सामाजिक परिवर्तन र जीवनशैलीका कारण बढ्दो मानसिक स्वास्थ्य समस्यालाई सम्बोधन गर्न नगरपालिकाले मनोसामाजिक परामर्श तथा मानसिक स्वास्थ्य नीति कार्यान्वयन गर्ने जनाएको छ ।

**आयुर्वेद र स्वस्थ जीवनशैली**

पछिल्लो समय नसर्ने रोग बढिरहेका बेला नगरपालिकाले आयुर्वेद, योग, ध्यान र स्वस्थ जीवनशैलीलाई प्राथमिकतामा राखेको छ । नागरिक आरोग्य क्लिनिक विस्तार, टोल-टोलमा आरोग्य अभियान, तनाव व्यवस्थापन तथा स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिने नीति सकारात्मक देखिन्छ । यसले उपचारभन्दा रोकथाममा आधारित स्वास्थ्य प्रणाली विकास गर्ने सोचलाई प्रतिबिम्बित गर्छ ।

**खानेपानी : आधारभूत आवश्यकताको सुनिश्चितता**

खानेपानी नागरिकको आधारभूत अधिकार हो। भिमाद नगरपालिकाले "एक घर एक धारा" अभियानलाई निरन्तरता दिने घोषणा गरेको छ । खानेपानी आयोजना बैंक निर्माण, स्रोत संरक्षण, पानीको गुणस्तर परीक्षण तथा विद्यालय र सार्वजनिक स्थानमा शुद्ध खानेपानीको व्यवस्था गर्ने कार्यक्रमले दीर्घकालीन समाधान खोजेको देखिन्छ ।

**पर्यटन क्षेत्रबाट सम्भावनालाई अवसरमा बदल्ने प्रयास**

भिमाद क्षेत्र धार्मिक, सांस्कृतिक र प्राकृतिक दृष्टिले सम्भावनायुक्त क्षेत्र मानिन्छ। नगरपालिकाले पर्यटन गुरुयोजनालाई कार्यान्वयन गर्दै ऐतिहासिक तथा प्राकृतिक पदमार्गहरूको पहिचान, नक्साङ्कन र पूर्वाधार विकास गर्ने नीति लिएको छ। यदि पर्यटनलाई कृषि, संस्कृति र स्थानीय उत्पादनसँग जोड्न सकियो भने यसले रोजगारी सिर्जना र स्थानीय अर्थतन्त्र सुदृढीकरणमा ठूलो योगदान पुऱ्याउन सक्छ ।

**रोजगार र उद्यमशीलता**

भिमादले वैदेशिक रोजगारीमा निर्भरता कम गर्दै स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने लक्ष्य लिएको छ। स्वरोजगार कार्यक्रम, सीपमूलक तालिम, उद्यम विकास तथा विदेशबाट फर्किएका युवालाई उद्यम स्थापना गर्न सहजीकरण गर्ने योजना समावेश गरिएको छ। त्यसैगरी लगानी सम्मेलन आयोजना गर्ने तथा निजी क्षेत्रको लगानी आकर्षित गर्न सार्वजनिक-निजी साझेदारी ऐन लागू गर्ने घोषणा गरिएको छ ।

**सामाजिक समावेशीकरणः सबैलाई समेट्ने प्रयास**

नीति तथा कार्यक्रममा महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा अल्पसंख्यक समुदायलाई लक्षित कार्यक्रम समावेश गरिएको छ । बालमैत्री वडा, बालश्रममुक्त वडा, बाल संरक्षण प्रणाली, लैङ्गिक समानता, नेतृत्व विकास तथा सामाजिक समावेशीकरण परीक्षण जस्ता कार्यक्रमले समावेशी विकासको अवधारणालाई बल दिएका छन्।

**सुशासन र डिजिटल प्रशासन**

नगरपालिकाले सेवा प्रवाहलाई छिटो, पारदर्शी र प्रभावकारी बनाउन डिजिटल प्रणालीलाई प्राथमिकता दिएको छ । एकीकृत हाजिरी प्रणाली, डिजिटल अभिलेखीकरण, कर व्यवस्थापन तथा पेपरलेस स्वास्थ्य सेवा जस्ता कार्यक्रमले आधुनिक स्थानीय प्रशासनको संकेत गर्छ।

**पूर्वाधार विकासः विकासको आधार**

नगरपालिकाले दिगो तथा गुणस्तरीय भौतिक पूर्वाधारलाई विकासको पहिलो प्राथमिकता मानेको छ । सडक, पुल, खानेपानी, सिंचाइ, सार्वजनिक भवन तथा सेवा केन्द्रहरूको विस्तारलाई निरन्तरता दिने नीति लिइएको छ। विकासका अन्य सबै क्षेत्रको सफलता पूर्वाधारसँग प्रत्यक्ष जोडिने भएकाले यो प्राथमिकता स्वाभाविक पनि देखिन्छ ।

**कार्यान्वयन नै सफलता मापनको आधार**

भिमादको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी, पर्यटन, रोजगार र पूर्वाधार विकासलाई सन्तुलित रूपमा समेट्ने प्रयास गरिएको देखिन्छ । विशेषगरी कृषि व्यवसायीकरण, नगर अस्पताल सञ्चालन, डिजिटल शिक्षा, मानसिक स्वास्थ्य, आयुर्वेद सेवा र पर्यटन प्रवर्द्धनका कार्यक्रम भविष्यमुखी छन् ।

तर नीति र कार्यक्रम जति राम्रो भए पनि त्यसको सफलता कार्यान्वयनमा निर्भर रहन्छ । विगतमा वित्तीय हस्तान्तरणमा आएको समस्या, सीमित स्रोत-साधन र बढ्दो जनअपेक्षा स्थानीय तहका चुनौती हुन् । नगरपालिकाले स्वयं चालु आर्थिक वर्षमा वित्तीय हस्तान्तरणको समस्या रहेको स्वीकार गरेको छ ।

त्यसैले आगामी वर्ष भिमाद नगरपालिकाका लागि केवल योजना घोषणा गर्ने वर्ष होइन, ती योजनालाई परिणाममा रूपान्तरण गर्ने परीक्षा पनि हुनेछ । यदि प्रस्तुत नीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकियो भने भिमादले आर्थिक, सामाजिक र पूर्वाधार विकासका क्षेत्रमा उल्लेखनीय फड्को मार्न सक्ने सम्भावना देखिन्छ । यही कारणले यो नीति तथा कार्यक्रमलाई समृद्ध भिमाद निर्माणको मार्गचित्रका रूपमा लिन सकिन्छ ।

**मधुमेह (डायविटिज) रोगबाट बचौं**

शरीरमा चिनीको मात्रा बढी हुंदा मधुमेह हुन सक्छ,

मधुमेहले,
- विभिन्न अंगमा क्षति पुऱ्याउन सक्छ,
- मुटु र मिर्गौलामा क्षति पुऱ्याउन सक्छ,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ ।

मधुमेहबाट बच्न,
- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य पदार्थको सेवन कम गरौं,
- जङ्कफूड तथा तारेका, भुटेका र प्रशोधित खानाहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,

नियमित स्वास्थ्य परीक्षण गरौं, मधुमेहबाट बचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४